☎०७८-५४०१७० , ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

## कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

### गण्डकी प्रदेश, नेपाल

प.सं. ०७७/७८
च.नं.

**राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम निरन्तरताका लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना।**

दोस्रो पटक सुचना प्रकाशन मितिः २०७७/०८/०३

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमका लागि आ.व.२०७७/०७८ को स्वीकृत कार्यक्रम बमोजिम यस नगरपालिकाबाट साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालनका लागि अघिल्लो आ.व.मा छनौट भई कार्य गरिरहेका कृषक समितिहरुले निरन्तरताका लागि आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ०७ दिनभित्र कावासोती नगरपालिका कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखामा तपशिलका कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

<u>तपसिल</u>

| क.स. | कार्यक्रम | बजेट | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम | २० लाख | • कृषक समितिको तोकिएको ढाँचामा निवेदन र आधारभूत तथ्याङ्क फारम।<br>• कृषक समितिको दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि ।<br>• करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि।<br>• कृषक समितिले कार्यक्रम सन्चालन गर्ने निर्णय र वार्षिक अडिट रिपोर्टको प्रतिलिपि।<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।<br>• अघिल्लो आ.व.को उत्पादन र विक्रिको अवस्था।<br>• जग्गाधनीको प्रमाणपत्रको प्रतिलिपि।<br>• कृषक समितिको हकमा कार्यसमितिका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि। |

नोटः

१. पकेट कार्यक्रम दुई वर्ष सम्म निरन्तरता हुने भएकाले अघिल्लो आर्थिक वर्षमा छनौट भएका पकेट समितिहरुलाई प्राथमिकता दिईने छ।
२. खाद्यान्न पकेट कार्यक्रम संचालनका लागि कम्तिमा २० हेक्टर जग्गा भएको हुनुपर्नेछ।
३. मौरी पकेट कार्यक्रम संचालनका लागि कम्तिमा ३०० घार हुनुपर्नेछ।

<u>विस्तृत जानकारीका लागि</u>

कावासोती नगरपालिका, कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा (०७८-५४११६०)

..............................
डा. टेक राज पौडेल
अधिकृत सातौं (प्रा.)

नोटः म्याद सकिएपछि प्राप्त निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"